## खण्ड एक

# संस्थागत पक्षहरू



हप्तामा तीन पटक प्रकाशित हुने

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

साल चैत्र २२ गते बुधवार

## ध्वनिविस्तार

काठमाडौं, चैत्र २१ गते । प्रजातन्त्र नेपाल रेडियोबाट बिहान ८॥ देखि ६॥ सम्म र साँझमा ५॥ देखि ७॥ सम्म ४१ मीटरबाट खबर प्रसारित भइरहेको छ । आज नेपालका कवि र संगीतकारहरू आफ्ना आफ्ना रचना आदि प्रसार गरिरहेको खबर छ ।

रेडियो नेपाल सुरु भएको दुई दिनपछि *गोरखापत्र*मा प्रकाशित यसबारेको समाचार, २००७ साल ।

अध्याय एक

# रेडियो नेपालभन्दा पहिलेको युगमा नेपालीको रेडियो अनुभव

**प्रत्यूष वन्त**

नेपालीहरूले कहिलेदेखि रेडियो सुन्न थाले भन्ने किटान गर्न मुश्किल छ । ब्रिटिश भारतमा सन् १९२३ (वि.सं. १९८० तिर) पछि रेडियो प्रसारणका अभ्यासहरू सुरु हुँदा त्यहाँ कार्यरत नेपालीले रेडियो सुन्ने मौका पाए होलान् । सन् १९२३ मा सुरु भएको कलकत्ता रेडियो क्लबको प्रसारण वा त्यसको एक वर्षपछि सुरु भएको बम्बई रेडियो क्लब र मद्रास प्रेसिडेन्सी रेडियो क्लबको प्रसारणबाट सन् १९२७ देखि बम्बई र कलकत्तामा सुरु भएको इण्डियन ब्रोडकास्टिङ कम्पनीको प्रसारणबाट नै नेपालीहरूले रेडियो श्रवणको प्रथम अनुभव गरेको हुनुपर्छ । बम्बई र कलकत्तामा रहेका वा ती ठूला सहरहरू नजिक रहेका भारतीय सेना वा इतर क्षेत्रमा कार्यरत नेपालीहरूले पनि रेडियो सुने भन्ने अनुमान हामी गर्न सक्छौँ ।[1] त्यो पुस्ताका प्रायः सदस्यहरू

[1] सन् १९२७ मा बम्बई र कलकत्तामा खोलिएका रेडियो स्टेसनहरूको ट्रान्समिटरको प्रसारण क्षमता १.५ किलोवाट र त्यसले समेट्ने प्रसारण क्षेत्र करीब ५० किलोमिटर रेडियसको मात्र थियो (कुमार सन् २००३) ।

इतिहासमा बिलाइसकेका हुनाले उनीहरूको रेडियो श्रवण अनुभवलाई इमान्दारीपूर्वक कुनै पनि इतिहासकारले टिप्न र विश्लेषण गर्न सायद अब सम्भव नहोला ।

नेपालभित्रै चाहिँ कुन सालदेखि रेडियो सुन्न थालियो त ? प्रश्नको पनि अकाटच जवाफ दिन हामी असमर्थ छौँ । भारतीय सीमावर्ती नेपाली बस्तीहरूमा चन्द्रशमशेरको शासनकालको अन्त अर्थात् नोभेम्बर सन् १९२९ (मङ्सिर १९८६ ) अगाडि नै रेडियो सेट आइपुगेको हुनसक्छ तर आजसम्म त्यसको प्रमाण सार्वजनिक भएको छैन । काठमाडौँ उपत्यकाको कुरा गर्दा भारतबाट विभिन्न सामग्री आफ्नो बाजेको ज्ञानेश्वरस्थित दरबारमा आइपुगेको वर्णन गर्ने बालकृष्ण सम आफ्नो आत्मकथा *मेरो कविताको आराधन* (दुई भाग वि.सं. २०२३, २०२९) मा रेडियोबारे मौन छन् । सन् १९३४ (वि.सं. १९९०) सम्मको प्रसङ्ग समेटिएका यी पुस्तकमा रेडियोबारे केही नपर्नु समका बहुआयामिक अभिरुचिहरूबारे जानकारी राख्नेलाई अचम्म तुल्याउने तथ्य हो ।

अहिलेसम्मको अनुसन्धानले काठमाडौँमा रेडियो सेटहरू चन्द्रशमशेरकै पालामा आइपुगेको देखाउँछ । आत्मजीवनीपरक पुस्तक *आनन्दमय आकाश*मा मदनमणि दीक्षित (२०५३) आफ्ना कान्छा काका देवमणि दीक्षितले बेलायतबाट झिकाएको बेतार (रेडियो) दीक्षितहरूको काठमाडौँ गैह्रीधारास्थित 'ठूलो घर'मा सन् १९२९ मा आइपुगेको वर्णन गर्दै लेख्छन्:

> म सम्झिन्छु कान्छा काकाले बेलायतबाट झिकाएको बेतार सन् १९२९ को गर्मीमा त्यो 'ठूलो घर'मा आयो । काठमाडौँमा सके त्यो सातौँ रेडियो थियो । रिसिभर र स्पीकर छुट्टाछुट्टै थिए त्यसमा । त्यो 'बेतार' सुन्ने साँझ कान्छा काका बस्ने गरेको त्यो ठूलो बैठक कोठामा मणि खलकका कम्तिमा पचास साठी सदस्यको उत्साहपूर्ण र जिज्ञाशु उपस्थिति थियो । तथापि एक घण्टाजति कोसिस गरेपछि त्यो मेशिनले जम्मा एक वाक्य बोलेर एक मिनेट जति क्याइँ क्याइँ र ऱ्याइँ ऱ्याइँ गरेर शान्त भएपछि फेरि कुनै भाषाको कुनै आवाज झिक्दै झिकेन नै (दीक्षित २०५३: १९) ।

देवमणिभन्दा अगाडि रेडियो ल्याउने को को थिए हामीले पत्ता लगाउन सकेका छैनौँ । सन् १९२९ मा चन्द्रशमशेरको निधनपछि भीमशमशेर श्री ३ महाराज भए । उनको पालामा रेडियोसम्बन्धी प्रसङ्ग के कस्तो रह्यो सार्वजनिक बहसमा आएको छैन । 'लाइब्रेरी पर्व'ले इतिहासमा कुख्याती कमाएका भीमशमशेरले आफ्ना प्रयोजनको लागि रेडियो मगाएको हुनसक्छ । सेप्टेम्बर सन् १९३२ (भदौ १९८९) मा उनको पनि अवसान भयो र जुद्धशमशेर श्री ३ महाराज भए । जुद्धशमशेरको पालामा भने नेपालभित्र रेडियो श्रवणको प्रशस्त वृद्धि भयो । भारतमा रेडियोको विस्तार सिलसिलामा सन् १९३६ मा अल इण्डिया रेडियो

स्थापना हुनु र त्यस अघि सन् १९३२ देखि नै बीबीसीले भारतसहित अन्य ब्रिटिश उपनिवेशमुखी प्रसारण सेवा सुरु गरेको कारणले नेपालभित्र सुन्न सकिने रेडियो प्रसारणको आयतनमा वृद्धि भएको थियो भन्ने अनुमान गर्न सकिन्छ ।[२]

## सन् १९३० को दशक

जुद्धशमशेरको शासनकाल सुरु भएपछि काठमाडौँका राणा खलक र उनका केही विश्वासपात्र परिवारमा रेडियो सेट वृद्धि हुन थाले । रेडियो राख्न राणा शासकहरूको अनुमति लिनु पर्दथ्यो । रेडियो सेट महङ्गो भएको हुनाले धनीमानीले मात्र त्यो राख्न सक्थे ।[३] रेडियो भएका घरहरूमा के सुनिन्थ्यो भन्न गाह्रो छ तरपनि समाचार र मनोरञ्जनमुखी प्रसारण सुन्ने मोह बढ्न लागेको थाहा हुन्छ ।[४]

समाचारप्रति बढ्दो मोहलाई त्यतिबेलाको एक प्रसङ्गले प्रष्ट्याउँछ । वि.सं. १९९२/९३ अर्थात् सन् १९३५/३६ तिर काशीराज पाण्डेले अन्तर्राष्ट्रिय प्रसारणका समाचारहरू सुनी तिनलाई टिपेर लिखित रूपमा 'द न्यूज रिल' नामको बुलेटिन जस्तो बनाई सोखिन राणाहरूलाई पठाउने काम गर्न थाले (भट्टराई २०५७क) । बनारस हिन्दू विश्वविद्यालयबाट इलेक्ट्रिकल इन्जिनियरिङ उपाधि हासिल गरेका पाण्डेले जुद्धशमशेरको जिज्ञाशा मेट्न यो काम थालेको मानिन्छ । जयदेव भट्टराईका अनुसार "यसरी अन्तर्राष्ट्रिय समाचारहरूको लिखित प्रति उपलब्ध हुन थालेपछि राणा प्रधानमन्त्रीहरूका लागि 'द न्यूज रिल' एक किसिमले अनिवार्य नै हुन थाल्यो" (२०५७क: ३३) । पाण्डेको काम सम्भव बनाउन राणा शासकले उनको घरमा विद्युतका दुई लाइन जडान गरिदिएका थिए । विद्युत आपूर्ति अविच्छिन्न होस् भन्ने उद्देश्यले

---

[२] भारतमा पनि रेडियोको इतिहासबारे राम्रो र विस्तृत अध्ययन नभइसकेकाले त्यहाँबाट सन् १९५० अघि प्रसारण भएका कार्यक्रमबारे निश्चित कुरा भन्न हामी हाल असमर्थ छौँ । तत्कालीन समयमा भारतमा रेडियो सेटको उपलब्धताबारे पनि राम्रो जानकारी पाउन गाह्रो छ । एक ठाउँमा मदनमणि दीक्षितले आफ्ना हजुरबा काशीनाथ आ.दी.ले वि.सं. १९९३ (सन् १९३६/३७) मा बनारसमा रहँदा समाचार सुन्न रेडियो किन्ने मन गरेका कुरा उल्लेख गरेका छन् । त्यतिबेला बनारसमा रेडियो बेच्ने पसल नभएकाले मदनमणिका पिता लक्ष्मणमणि आफ्ना पिताका लागि रेडियो किन्न कलकत्ता गएको उल्लेख छ (दीक्षित २०५३: ११२) ।

[३] सन् १९३० तिर चारओटा भाल्भ भएको रेडियो सेटको मूल्य करिब पाँचसय भारु भएको उल्लेख छ (कुमार सन् २००३) ।

[४] सन् १९३९ मा तयार गरिएको एउटा प्रतिवेदनलाई उद्धृत गर्दै सन्जोय भट्टाचार्य (सन २००१: ६६) ले भारतको विभिन्न सहरमा रहेका अल इण्डिया रेडियोको स्टेसनहरूको तत्कालीन प्रसारणको किसिम र क्षमताबारे थोरै कुरा उल्लेख गरेका छन् । त्यसअनुसार मिडियम वेभमा विभिन्न स्टेसनहरूको क्षमता यस्तो थियो: लखनउ (५० माइल), दिल्ली (८० माइल), मद्रास (१५ माइल), कलकत्ता (२०-३० माइल) र बम्बई (२०-३० माइल) । शर्टवेभमा भने दिल्ली, मद्रास, कलकत्ता र बम्बई चारै ठाउँका स्टेसनको क्षमता पाँचसय माइल थियो भन्ने जनाइएको छ ।

त्यसो गरिएको थियो। एउटा लाइनमा त मिटरसमेत नजोडिएको प्रसङ्ग उल्लेख छ। भट्टराईको निष्कर्ष छः "अन्तर्राष्ट्रिय गतिविधि, भूगोल, भाषा, चर्चित व्यक्ति वा संस्था आदि विशेषबारे पर्याप्त जानकारी र विभिन्न देशको समाचार प्रसारण तालिका एवं सशक्त रेडियो नभई यसरी टिपोट गर्न सम्भव पनि थिएन" (२०५७कः ३३)।

विदेशबाट प्रसारित समाचार सुन्न उत्सुक जमात काठमाडौँमा सन् १९३० को अन्ततिर र ४० को दशकमा बढ्दै थियो। त्यस्ता समाचार सुन्दा सुन्दा आफूलाई पनि समाचारवाचक बन्ने रहर चढेको रेडियो नेपालको सुरुआती दिनमा नेपाली भाषाको समाचार पढ्ने प्रकाशमान सिंह (प्रधान) ले हामीलाई बताएका छन्।[५] २०१६ सालमा लेखको संस्मरणमा उनले उल्लेख गरेका थिएः

> धेरैजसो मानिसहरूको जस्तै मेरो पनि धेरै अगाडिदेखि रेडियो सुन्ने सौख थियो, सुन्ने सौखबाट भन्ने सौख पनि भित्रभित्रै फष्टाइरहेको थियो। देशको राजनैतिक परिवर्तनले ल्याएको नयाँ वातावरणमा आफ्नो आकांक्षा पूरा पनि भयो (सिंह २०१६ः २२)।

समाचार बाहेक रेडियोको मनोरञ्जनरूपी प्रयोग चाहिँ कमल दीक्षितले आफू नौ/दश वर्षको हुँदा अनुभव गरेको एउटा प्रसङ्गबाट देखिन्छ। आफ्ना काका बाजे नरेन्द्रमणिको घरमा वि.सं १९९५ (सन् १९३८/३९) मा रेडियो आएको घटनाको वर्णन गर्दै उनले लेखेका छन्ः

> ठूलोकान्छो बा (नरेन्द्रमणि) कहाँ (रेडियो) आएको थियो। रेडियो पहिलोपटक देखेकै त्यहीँ हो। पुड्के खल्वाटे बुढोको तस्बिर टाँसेको थियो रेडियो आएको पहेंलो कागजको बाकसमा। फिलिप्स लेखेको पढ्न सक्ने भइसकेको थिएँ म।.... पहिलो दिन मात्र होइन त्यसपछि कति दिनसम्म रेडियो सुन्न बैठकभरि मान्छे जम्मा हुन्थे– अचेलको भिडियो हेर्न जस्तै। हिन्दुस्तानका कलकत्ता, लखनउ, दिल्लीबाट आउने भजन, शास्त्रीय सङ्गीतहरू सुन्न सबै बाबाहरू पुग्नुहुन्थ्यो। नौलो वस्तु थियो। एकजना ठूलोकान्छो बाले मात्र त्यो चलाउनुहुन्थ्यो, अरूले छुन पाउँदैनथे। एकदिन सम्झन्छु– कुनै शास्त्रीय गीत या भजन आउँदैथियो। आफूबा (राममणि आ.दी.) खुब ताल दिएर स्वाद मानेर सुन्दै हुनुहुन्थ्यो। गाना सकियो अनि रेडियोमा के के भन्यो। आफूबाले भन्नुभयो– "वाह कस्तो ए ठूलो त्यो दोहोराऊ त ?" ठूलोकान्छो बाले नम्र भएर जवाफ दिनुभयो "दाइ यसमा दोहोराउन सकिँदैन, जे भन्यो भन्यो।" आफूबाले जिल्ल परेर भन्नुभएको राम्ररी सम्झन्छु "ए हुँदैन, हाम्रो ग्रामोफोन जस्तो हुँदैन ?" (दीक्षित २०४१ः ५९-६०)।

ग्रामोफोनमा अभ्यस्त भइसकेकोलाई रेडियो सुन्दा उस्तै उस्तै लागेपनि ब्रोडकाष्ट मिडिया रेडियोमाथि ग्रामोफोन जस्तो निजी नियन्त्रण सम्भव नहुँदो रहेछ भनेर बुझ्न केही समय लागेको हुनुपर्छ।

---

[५] कृष्ण अधिकारी र प्रत्यूष वन्तसँग २२ जेठ २०६१ को भेटमा भएको कुराकानी। प्रकाशमान सिंह (प्रधान) सुरुदेखि २०२४ सालसम्म रेडियो नेपालसँग सम्बन्धित थिए।

त्यसबेला रेडियो राख्ने गरेका व्यक्तिहरूको घर बाहिरबाटै चिनिन्थ्यो। किनकि विदेशबाट प्रसारित रेडियो टिप्न लामो एरियल घरको छानामाथि हाल्नुपर्थ्यो। आफ्ना काकाबाजेको रेडियो आउँदा दुईतीन दिन लगाएर रेडियोको



तस्बिर १.१: नरेन्द्रमणि आ.दी.को घरमा वि.सं. १९९५ मा ल्याइएको रेडियो। यो रेडियो काठमाडौँको गैह्रीधारास्थित उनको घरमा अद्यापि देख्न पाइन्छ (तस्बिरः शरद घिमिरे)।

एरियल बन्दोबस्त गरेको सम्झना कमल दीक्षितले गरेका छन्। "दुइटा लामा बाँस ल्याई तिनमा अलकत्रा लगाएर टुप्पामा तार बाँधेर घरमाथि एरियल ठड्याइएको थियो" (दीक्षित २०४१: ५९)। कसैकसैले राणाको अनुमति नलिइकन पनि रेडियो राखेको देखिन्छ। १९९७ सालको काण्डमा राणा विरोधी कार्यमा संलग्न राजनीतिक व्यक्तिहरूभन्दा भिन्दै कारणले पक्राउ परेका पूर्णनारायण प्रधान यस्तै एक व्यक्ति थिए। अनुमति बेगर रेडियो राखी सुनेको आरोपमा उनी पक्राउ परेका र झण्डै झुण्ड्याइएको कुरा स्वर्गीय टङ्कप्रसाद आचार्यले उल्लेख गरेका छन् (फिशर सन् १९९७: ९४, १०६)। जुद्धशमशेरले पछि ज्यान माफी दिएकाले उनले जेल सजाय मात्र भोग्नु पर्‍यो।

## दोस्रो विश्वयुद्ध र कब्जामा परेका रेडियोसेटहरू

दोस्रो विश्वयुद्ध सन् १९३९ मा सुरु हुँदा काठमाडौँमा कति रेडियो सेट भित्रिइसकेका थिए त ? यसको पनि यकिन जवाफ हाल दिन सकिन्न तर सन् १९४१ को मध्य सम्ममा चारसयभन्दा बढी सेट भित्रिइसकेको तथ्य एउटा सानो प्रसङ्गको आधारमा हामी भन्न सक्छौँ । जर्मन सेनाले रुसमाथि हमला गरी सन् १९४१ मा मस्कोको नजिक पुग्दा काठमाडौँमा ठूलो हल्ला चल्यो । त्यतिबेलाको सम्झना गर्दै भीमबहादुर पाँडे लेख्छन्:

> अब रुस हार्‍यो, रुसलाई जितेपछि जर्मनी ब्रिटेनमाथि जाइलाग्दछ, अंग्रेजको हार अब अवश्यंभावी भयो भन्ने हल्ला नेपालमा बेतोडसँग मच्चियो । त्यसबखत काठमाडौँ सहरमा टोलैपिच्छे एकाध घरमा रेडियो सेट हुन्थे । अंग्रेज हार्न लाग्यो भन्ने हल्ला सुनेका सहरीयाहरू रेडियो हुनेहरूका घरमा (आजकाल भिडियो हुनेकहाँ झैँ) झुम्मिन थाले (पाँडे २०३९: ३७५) ।

आफूलाई अंग्रेजहरूको नजिकको साथी ठान्ने र दोस्रो महायुद्धमा अंग्रेजहरूको तर्फबाट लड्न उनीहरूको गोर्खाली सेनामा झण्डै दुई लाख नेपालीको संलग्नता सम्भव तुल्याई आफ्नै नेपाली सेना पनि प्रशस्त सङ्ख्यामा उपलब्ध गराएका राणा शासकहरूलाई यस्तो हल्ला रुचिकर भएन । 'अंग्रेजको हार नेपालका राणाजीहरूको हार हो' भन्ने खालका हल्ला बेतोड रूपमा चल्न थालेपछि जुद्धशमशेरले आफ्ना केही विश्वासपात्र व्यक्तिहरूबाहेक अन्य सबैको घर घरबाट रेडियो सेट जफत गरी सिंहदरबारमा थन्काउन लगाए (पाँडे २०३९: ३७५) । त्यतिबेला सिंहदरबारमा काम गर्ने एक व्यक्तिले जफत भई करिब चार सयओटा रेडियो सेट सिंहदरबार ल्याइएको कुरा इतिहासकार प्रेमरमण उप्रेती (सन् १९८४: २४३ फुटनोट १३४) लाई बताएका छन् ।[६] यसरी थुनामा परेका रेडियो सेट ब्रिटेन सम्मिलित भएको पक्षले दोस्रो विश्वयुद्ध जित्ने लक्षणहरू देखा परेपछि जुद्धशमशेरको आदेशमा मुक्त भएका थिए (शाह २०४५: १३४) ।

दोस्रो महायुद्धकालमा नेपालीहरूको रेडियो सम्बन्धबारे दुईओटा अरू प्रसङ्ग उल्लेख्य छन् । पहिलो प्रसङ्ग नेपाल भित्रको छ र यो काशीराज पाण्डेसँग जोडिएको छ । अरूका रेडियो जफत गरेपनि राणाहरूले उनको रेडियो सिंहदरबार पुर्‍याएनन् । त्यसको उल्टो थप सेटहरू उपलब्ध गराइदिए । जयदेव भट्टराई (२०५७क)

---

[६] राणाहरूले सुरुमा जफत गरेका केही रेडियोहरू फिर्ता पनि गरेका थिए । जस्तो उनीहरूले प्रकटमान सिंहको रेडियो फिर्ता गरेका थिए । शिष्टाचार महापाल प्रधानलाई बाहिरी संसारको समाचार थाहा पाउन जरुरी भएको हुनाले उनको रेडियो फिर्ता गरियो भन्ने विचार उनका छोरा प्रकाशमान सिंह (प्रधान) को छ ।

अनुसार युद्धको समयमा रेडियोबाट आएका समाचारहरू टिपोट गरी 'द न्यूज रिल' लगायत 'द न्यूज फ्ल्यास', 'द न्यूज अफ दि आवर' इत्यादि समाचार संस्करणहरू



THE NEWS REEL.

London, August 15th. 1944-
Canadians and American patrols have linked up across the pocket and the Americans have reached the outskirts of Paris.- --- Allied patrols circling over Paris have seen huge fires and explosions at the French capital- an indication of the Germans preparing to withdraw after destroying their stores and records.-- - It is also stated that Laval and the German ambassador with him have already left Paris.-- -- According to German reports to neutral correspondents in Berlin American troops have already entered Paris. --- Another American column has wheeled northward towards the Seine and reached 5 miles from there though the Germans say that fierce fighting is taking place on the banks of the Seine 5 mi. from Paris.- -- American troops are also reported to be heading towards Vernon and Rouen.--- Advancing from Dreux another American column has reached Mantes 29 miles to the east.
Meanwhile the gap Falaise gap is now closed and the bag is being rapidly narrowed.- Remnants of the German 7th Army is gasping for its last breath.- Slaughter of the Germans is going on rapidly.- Air blitz by allied tactical air force carried out on a scale as never before.- Over 1000 vehicles and 67 tanks were destroyed making a total of 5000 vehicles and 500 tanks destroyed in last 3 days.- ------ As stated at S.H.A.E.F. we have not been able to get sufficient armour yet to prevent the German getting through.-- The Germans inside the pocket are still fighting grimly rear guard action.-- Rain, muddy roads and bogs- all likely to hinder withdrawal of Germans.---- - Allied reconnaissance planes have spotted large number of small boats assembled by the Germans along the west coast of France and at the mouth of the Gironde.
-- There is very satisfactory news from south of France also.- Allied 7th army units have pushed the beach head at some point as far as 30 miles inland.- Besides threatening Toulon from where they are only 6 miles away another column has captured the important town of St Maxim, 22 miles north west of Toulon and 25 miles North of Marseilles and along the road to Aix and the Rhone Valley.- To the east allied troops have reached the neighbourhood of Grasse 5 miles from Cannes.-- The Germans offering stiff resistance at Cannes itself.- The Germans say that fighting is now going on at Toulon itself though it lacks confirmation.
Several hundred thousands of allied forces are now landed and operating on some 100 square miles of the coastal region. --- Though the Germans are retreating fast in an effort to get away from this rising surge allied forces have been faster and already captured 10,000 German prisoners.----- It is also stated that our advance has been so rapid that the Germans could not carry out demolition on a scale as they did in Italy. But German is nevertheless expected to be very stiff.- Elements of yet another German infantry division has been identified making 3 divisions in all opposing the allied landing operations.- - According to a staff officer at S.H.A.E.F. - our landing in south of France was probably the most successful yet made.-
French forces of the interior have stepped up their activity. Entire police departments of several districts and provinces have sided with the maquis. They have already liberated 70 towns and villages.- German garrison at 4 French towns in the Rivera are negotiating surrender terms with maquis. The city of Grenoble is also surrounded by the maquis.- It is also stated that the Germans are slipping into Switzerland rather than face the maquis risk facing the maquis. This is because of their atrocities and brutalities committed to suppress underground movement. French patriots and maquis are also rendering splendid aid to allied forces operating in south of France. At many place they are directing allied troops and giving them information of German movements.-

American heavy bombers from Italy attacked the Rumanian oil fields of Ploesti and air fields in Yugo Slavia and Rumania.--
There is nothing of importance to report from Italian land front.- The heart of Florence has now been completely cleared of German snipers though the Germans still persist in northern suburbs.

तस्बिर १.२: राणा शासकहरूका लागि स्व. काशीराज पाण्डेद्वारा तयार पारिएको 'द न्यूज रिल' को नमूना (सौजन्य: लक्ष्मणराज पाण्डे)।

निकालेका थिए काशीराज पाण्डेले राणाजीहरूलाई पेश गर्न । काशीराजले यसरी तयार गरेका समाचारलाई *गोरखापत्र*का तत्कालीन सम्पादक प्रेमराज शर्माले आफ्नो अखबारमा विदेशी समाचार बनाउने आधार पनि बनाए (भट्टराई २०५७क) ।[७]

दोस्रो प्रसङ्ग नेपाल बाहिरको छ । युद्धको दक्षिणपूर्व एसिया (विशेष गरेर भारतको उत्तरपूर्वी क्षेत्र र बर्मा) मोर्चामा जापानीहरू र अंग्रेजहरूको भीडन्त हुँदा अंग्रेजहरूको तर्फबाट लडिरहेका गोर्खाली सेनाहरूमाथि प्रभाव पार्न जापानीहरूले आफ्नो नियन्त्रणमा रहेका रङ्गुन र साइगनस्थित रेडियो स्टेसनहरूबाट 'प्रोपोगाण्डा' प्रस्तुत गरे (उप्रेती १९८४: २७५-७६) । यी प्रसारणमा दक्षिण एसियाका मानिसहरूको स्वतन्त्रताप्रेमको बखान गरी त्यहाँ ब्रिटिश शासन लादिएपछि उक्त भावनामा आएको कमीको चर्चा गरियो । ब्रिटिशहरूको तर्फबाट लड्दा नेपालीहरूले केही नपाएका, त्यसको सट्टामा गोर्खा भर्ती चार गुणाले बढेको कुरा पनि उल्लेख गरियो । दक्षिण एसियालाई ब्रिटिश साम्राज्यवादबाट मुक्त गर्न गोरखालीहरूलाई जापानीहरू र भारतीय राष्ट्रिय सेनाको संयुक्त सैनिक शक्तिसँग मिलेर अंग्रेजहरूको विरुद्ध लड्न रेडियो प्रसारणहरूले उक्साए (उप्रेती १९८४: २७५-२७६) ।

ब्रिटिशहरूका तर्फबाट लडिरहेका गोर्खाली सेनामा यस्तो प्रसारणको के असर पऱ्यो भन्न गाह्रो छ तर रेडियोको 'प्रोपोगाण्डा'रूपी प्रयोगसँग केही नेपालीहरूले परिचित हुने मौका चाहिँ अवश्य पाए । यी प्रसारणहरू काठमाडौँमा पनि सुनिए । भीमबहादुर पाँडे लेख्छन् "जापानी सेनाको साथै भारतका वरिष्ठ राष्ट्रवादी नेता सुवासचन्द्र बोसले 'आजाद हिन्द' फौज हाँके र 'दिल्ली चलो' भन्ने गर्जन साथ अघि सरेको बुलन्द खबर छुटछाट काठमाडौँका रेडियोमा घन्केको लुकिचोरी मान्छेहरू सुन्न थाले" (२०३९: ३७६) ।

राणा शासकहरूबाट इजाजत प्राप्त गरी घरमा रेडियो राख्नेहरूले नेपाल बाहिरबाट प्रसारित कार्यक्रमहरू सुन्ने बानी बन्दै गयो । रुचिहरू बढ्दै गयो । आफ्नो बाबुसँग १९९६ मा नयाँ घरमा सरेपछि आफ्नै घरमा रेडियो नहुन्जेलसम्म हरेक शुक्रबार बेलुका कलकत्ताबाट प्रसारित हुने पन्ध्र मिनेटको *गोर्खाली प्रोग्राम* सुन्न पुल्चोकदेखि गैह्रीधारासम्म जाने गरेको प्रसङ्ग कमल दीक्षित उल्लेख गर्छन् ।

---

[७] जयदेव भट्टराई थप लेख्छन् "पद्मशमशेरको पालामा आएर हप्तामा तीनपटक प्रकाशित हुन थालेपछि *गोरखापत्र*लाई बढी समाचारमूलक आधुनिक अखबार बनाउनुपर्ने आवश्यकता प्रेमराज शर्मा र काशीराज पाण्डेले देखे । उनीहरूकै प्रयासबाट सफलता पनि मिल्यो । नियमित रूपमा 'द न्यूज रिल' *गोरखापत्र*मा उपलब्ध हुन थालेपछि त्यसलाई नेपालीमा अनुवाद गर्ने काम ढुण्डीराज कोइराला र कृष्णप्रसाद सिलवालले गर्थे । यसपछि मात्र विदेशी पुराना अखबारबाट अनुदित अन्तर्राष्ट्रिय समाचार प्रकाशित गर्ने काम कम भयो" (२०५७क: ३४) ।

उनले भनेका छन् “त्यस्तो थियो हामीलाई नेपाली प्रोग्रामको चाख” (दीक्षित २०४१: ६०) । त्यति नै बेला जुद्धशमशेरका विश्वासी ठानिएका सुब्बा ईश्वरमान प्रधानको घरमा भएको रेडियो लुकीलुकी सुन्न जाने सम्झना समालोचक कृष्णचन्द्रसिंह प्रधानले गर्नुभएको छ (सर्वोत्तम २०५८) । राणा दरबारहरूभित्र रेडियो बजाइँदा कामदारहरूले नसुनून् भनेर ढोका बन्द गरिन्थ्यो । यस्तै एउटा प्रसङ्ग एकराजशमशेर राणाको घरमा रेवन्तकुमारी आचार्य (टङ्कप्रसाद आचार्यकी श्रीमती) का बाजेले अनुभव गरेका थिए । रेवन्तकुमारीका बाजे साँझ साँझमा भने अर्को राणाजीको घरबाट बज्ने रेडियो सुन्ने गर्थे (फिशर सन् १९९७: १८३ ) ।

दोस्रो विश्वयुद्धकालमा रेडियो सेट भने सजिलैसँग किन्न नपाइएको हुनुपर्छ । सन् १९४२ देखि १९४५ को बीचमा ब्रिटेनमा समेत रेडियो सेटहरूको ठूलो कमी थियो । त्यसकारण भारतमा समेत रेडियो सेट सजिलै उपलब्ध नभएको र भारतीय माग धान्न अमेरिकाबाट रेडियो सेट मगाइएको थियो । सन् १९४४ तिर भारतमा एउटा रेडियोको दाम भारतीय रुपियाँ दुई सयभन्दा बढी पर्थ्यो (भट्टाचार्य सन् २००१: ९९-१०१) । नेपालमा रेडियो सेट राख्न परिवार धनीमानी नै हुनु पर्थ्यो ।

## सर्वसाधारणलाई रेडियो राख्न फुकुवा र नेपाल ब्रोडकाष्टिङ

सर्वसाधारणले रेडियो राख्न पाउने गरी पद्मशमशेरले ‘फुकुवा’ हुकुम दिए भन्ने समाचार ८ साउन २००३ अर्थात् जुलाई सन् १९४६ को अन्ततिर *गोरखापत्र*मा प्रकाशित भयो (रेग्मी र खरेल २०५८: ४१ मा उद्धृत) । सर्वसाधारणले रेडियो राख्न पाउने भएपछि नेपाल बाहिरबाट प्रसारित कार्यक्रमहरू रेडियो भएको छिमेकी या पसले या अन्यकहाँ गएर सुन्ने प्रचलन सुरु भयो । त्यस्तै अभ्यासको झलक रमेश विकलको एउटा लेखमा पाइन्छः

> राणा शासनको यस्तै अन्धकारमय स्थितिमा एकदिन हामीले एक्कासी सुन्यौँ यकिन मास्टरकहाँ रेडियो ल्याएको छ रे । रेडियो ? यो कुन चराको नाम हो ? चरो होइन देश विदेशका खबरहरू, कुराहरू र गीत भजन बोकेर कोठैमा ल्याउने बाकस बिना तारको हावाबाट आउने खबर सुनाउने, गीत भजन सुनाउने एउटा यन्त्र ...
>
> यो खबर हाम्रा टोलबासीका लागि कम कौतुहलपूर्ण, कम गौरवपूर्ण थिएन । त्यसैले हामी चावेल टोलका केटाहरू त्यो मान्छेको आवाजहरूलाई देश विदेशबाट हावामा उडाउँदै कोठा कोठामा पुऱ्याउने काठको बाकस जस्तो आकारको अद्भुत जनावरलाई हेर्न र सुन्न भनेर गणेशथानपछाडि काईंला कुईंकेल बाजेको घर यकिन मास्टरको कोठामा पुग्यौँ । प्रत्येक साँझ भने जस्तो बजारका र आसपासका तरुना तन्नेरीहरू किशोरहरू र केही प्रौढहरू पनि यकिन मास्टरको कोठामा भेला भएर रेडियो नामको त्यस अद्भुत भाँडोमा वरिपरि झुम्मिएर त्यसको आवाज सुन्न थाल्यौँ (विकल २०५९) ।

नेपाल भित्रैबाट कुनै रेडियो प्रसारण सुरु नभइसकेको हुनाले भारतको पटना र इलाहाबाद स्टेसनबाट प्रसारित कार्यक्रमहरू विकल र उनका साथीहरूले सुनेका थिए ।[८] यी



तस्बिर १.३: अमेरिकामा निर्मित 'फिल्को' रेडियो । यो रडियो काठमाडौँको गल्कोपाखास्थित काजीलाल श्रेष्ठको घरमा अझै सुरक्षित छ (तस्बिरः शरद घिमिरे) ।

राजनीतिक वा समाचारमूलक कार्यक्रमहरू थिएनन् । विकलकै शब्दमा भन्दा यी त थिए:

> मीरा वाईका भजनका स्वरहरू (भक्ति सङ्गीतहरू) र राजनीतिको नौटंकीदेखि धेरै टाढा रहेका निमुखा किसानका नाउँमा (बज्ने) अति साधारण कृषि कार्यक्रममात्र सुन्न पाउने गरी रेडियो बजाउने अनुमति मिलेको थियो मास्टरलाई । त्यसैले हामी टोलवासी तरुना किशोर केटाहरू त्यस रेडियोबाट केवल कृषि कार्यक्रम (पटनाबाट) र देहाती भजन कार्यक्रम (इलाहवादबाट) मात्र सुन्न पाउँथ्यौँ (विकल २०५९) ।

कहिलेकाहीँ भारतीय जनताको स्वतन्त्रता आन्दोलन विरोधी र अंग्रेजी शासनको समर्थनका खबर विकलहरूले सुन्न पाउँथे । तत्कालीन अवस्थामा त्यति सुनेर पनि उनीहरूमा नयाँ चेतना जागरुक भएको र राणा सत्ता विरुद्ध "जनसङ्घर्षको आवश्यकताको केही आभाष" भएको कुरा विकल लेख्छन् (२०५९) । रेडियो किन्न

---

[८] पटनाको स्टेसन २६ जनवरी १९४८ अर्थात् मध्य माघ २००४ सालमा सुरु भएको हो (गोश्वामी सन् १९९६: १००) । इलाहावादको स्टेसन १ फेब्रुअरी १९४९ (मध्य माघ २००५) देखि सुरु भएको हो (अवस्थी सन् १९६५: ४) ।

नसक्नेहरूले पनि संसारका घटनाहरू सुनाउन सक्ने यसको क्षमता बुझेको पाइन्छ । हप्ताको तीनपटक *गोरखापत्र* निस्कने भएपछि यो कुराको प्रशंसा गर्दै एउटा पाठकले १० पुस २००३ मा एउटा चिट्ठी पठाए जसमा उनले लेखेका थिए "श्री ३ महाराजा पद्म प्रभुबाट रेडियो फुकुवा गरिबक्सेकाले धनीहरूका निमित्त (संसारमा भएका घटनाहरूको अध्ययन) गराउने समस्याको पूर्ति भयो । रेडियो राख्न नसक्नेका निमित्त *गोरखापत्र* नै एउटा अवलम्ब छ" (रेग्मी २०४७: २८ मा उद्धृत) ।



तस्बिर १.४: स्व. काशीराज पाण्डे ।

झण्डै त्यति नै बेला देशभित्र पनि पद्मशमशेरले रेडियो प्रसारणको केही प्रयास गरेको देखिन्छ । यो प्रकरणमा पनि माथि चर्चा गरिएका व्यक्ति काशीराज पाण्डेको संलग्नता थियो । जयदेव भट्टराई (२०५७ख) का अनुसार काशीराज पाण्डेले द्वितीय विश्वयुद्ध लडेर फर्केका नेपालीले युद्धमा प्रयोग गरेका सञ्चारमाध्यम (वायरलेश) बाट रेडियो प्रसारण सुरु गरे । नेपाल ब्रोडकाष्टिङको नाममा तत्कालीन बिजुली अड्डाबाट १४ माघ २००३ मा यो प्रसारण सुरु गरियो ।

सुरुमा काशीराज पाण्डे, अरूहरू र केही समयपछि *गोरखापत्र*का तत्कालीन सम्पादक प्रेमराज शर्मा नेपाल ब्रोडकाष्टिङका उद्घोषक थिए । रेडियो प्रसारण कस्तो सुनिन्छ भनेर श्रोताहरूलाई हुलाकमार्फत प्रतिक्रिया पठाउन अनुरोध गर्ने, हनुमान स्तोत्र पाठ गर्ने, गीत भजन, बजारभाउ, कविता, *गोरखापत्र*मा प्रकाशित समाचारका अंश आदि सामग्रीहरू दिउँसो एक बजेदेखि आधा घण्टाको लागि प्रसारण हुन्थ्यो ।[९]

यो प्रसारणबारे २१ माघ २००३ को *गोरखापत्र*ले 'नेपालमा रेडियो स्टेसन' शीर्षकमा एउटा सम्पादकीय पनि लेखेको थियो, जसको एक अंश थियो:

---

[९] नेपाल ब्रोडकाष्टिङको प्रसारण सुनेका विष्णुप्रताप शाहले १७ वैशाख २०४५ मा *गोरखापत्र*का सम्पादकलाई चिट्ठी लेख्दै उक्त प्रसारणबारे निम्न कुरा भनेका थिए: "पद्मशमशेर रामभक्त भएका कारणले होला 'हरे राम हरे कृष्ण' जस्तो भजनले नै उक्त प्रसारणको धेरैजसो समय लिन्थ्यो । अरू कुनै कार्यक्रम यसमा थिएन । म आफैले पनि केटाकेटीमा यो प्रसारण सुनेको हुँ । मलाई झझल्को लागेसम्म प्रसारणको समय दिउँसो तीन बजे थियो । जनता रामभक्तिमा लागून् भनी पद्मशमशेरले यो कार्यक्रम सुरु गराएको भनी हाम्रा अभिभावक र गुरुजनहरूबाट हामी केटाकेटीहरूले सुनेका थियौँ" (रेग्मी २०५४: ८० मा उद्धृत) । यो प्रसारणबाट 'रामकिर्तन र भक्ति सङ्गीत' मात्र दिइन्थ्यो भन्ने कुरा भोग्यप्रसाद शाह (२०४५: १३४) ले पनि लेखेका छन् । पद्मशमशेरले यो प्रसारण 'धार्मिक भावना' बाट प्रेरित भएर सुरु गराएको अनुमान उनको छ ।

> स्टेसन शक्तिशाली नहुनाले चार भञ्ज्याङबाहिर आवाज पुगेको थाहा पाइएन । चार भञ्ज्याङ भित्रलाई काम चलाउ सुनिँदै छ । योभन्दा बढ्ता शक्तिशाली स्टेसनको स्थापना नभै नेपालको प्यास मर्दैन भन्ने कुरो यो रेडियो प्रचारका प्रबन्धकहरूले बुझेकै हुनुपर्दछ । जे होस्, रेडियो प्रचारले पनि नेपालको उज्ज्वल भविष्यलाई कुत्कुत्याउन लाग्यो (रेग्मी २०५४: ७९ मा उद्धृत) ।

सुरुमा काठमाडौँ उपत्यकाबाहिर नसुनिएको ठानिए पनि फागुन २००३ मा विराटनगरमा समेत यो प्रसारण सुनिएको कुरा *गोरखापत्र*मा उल्लेख छ । ४ फागुन २००३ मा काठमाडौँबाट प्रसारित कार्यक्रम विराटनगरका रेडियो सेटमा 'खुब राम्रो हिसाबसँग' सुनियो, 'खास गरेर पछिल्लो भाग त दिल्ली, कलकत्ताबाट आए जस्तै गरी आयो' भन्ने समाचार ६ फागुन २००३ को *गोरखापत्र*मा छापियो (रेग्मी २०५४: ७९ मा उद्धृत) ।

नेपाल ब्रोडकाष्टिङबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविता वाचन गरेको तथ्य प्रकाशमा आएको छ । आफूले सुनाउन लगेको कविता प्रेमराज शर्माले पढी, अलि 'कडा' ठानेर प्रसारण नगर्न बेश भन्ने ठम्याएपछि उनकै अनुरोधमा महाकविले माइकमै कविता रचेर सुनाउनुभएको थियो । त्यो कविता पनि 'कडा' भएको सम्झना उक्त अवसरमा उपस्थित रामजीप्रसाद अर्याल (२०२६) को थियो । नेपाल ब्रोडकाष्टिङ प्रसारण भने व्यवस्थित नभएको र "अत्यन्त अनौपचारिक ढाँचाका हुने गर्थे" भन्ने सम्झना जीवनलाल सत्यालको छ । त्यसको उदाहरण दिँदै उनी लेख्छन्:

> एकदिन केही मिल्ने साथीहरूको साथमा गफ गर्दै त्यस्तै प्रसारित गाना सुन्दै रहेको बेला अकस्मात् गाना रोकेर ट्रान्समिटर सञ्चालकले भने 'एकैछिन पर्खिदिनोस् है श्रोताबृन्द । यहाँ के को ढचाङ ढचाङ आवाज आयो के भएको हो हेरौँ ।' यो सुनेर हामीहरू मरिमरि हाँस्यौँ । यस्तै एकपटक प्रसारित कुनै गाना राणाशासकको कुनै दरबारमा सुन्नेहरूलाई ज्यादै मन परेको हुँदा उत्तिखेरै फेरि दोहोऱ्याएर गाउनु भन्ने खबर त्यहाँ आएको कुरा पनि मैले त्यसबखत सुनेको थिएँ (सत्याल २०५६: २६) ।

चलुञ्जेल यो रेडियोमार्फत केही भाषणहरू पनि प्रसारण भएको सङ्केत छ । *गोरखापत्र*लाई उद्धृत गर्दै बनारसबाट प्रकाशित पत्रिका *उदय* (२००३) ले २ फागुन २००३ मा श्री ३ महाराज पद्मले आफ्नो विशालनगर दरबारमा एउटा भाषण दिएको समाचार छापेको छ । त्यहाँ लेखिएको छः "बिजुलीको ढ्वाङहरू (लाउडस्पीकर) को पनि उचित प्रबन्ध भएकाले भाषण सबैले प्रष्ट र सफासित सुन्न पाए । रेडियोमा समेत सम्बन्ध जोडिएकोले नेपाल ४ भञ्ज्याङ्भरिका धेरैजसो घर, पसलका रेडिओहरूमा पनि भाषण सुनिएको थियो" (उदय २००३: ३९-४०) ।

नेपाल ब्रोडकाष्टिङको प्रसारण पोखरामा सुनियो कि सुनिएन यकिन गर्न सकिएको छैन । तर २००४ सालको माघ महिनामा पोखरामा पहिलो रेडियो पुगेको तथा पहिलोपटक बजाउँदा बजारका साहु महाजन र भद्र भलाद्मीहरू भेला गराइएको तथ्य

प्रकाशमा आएको छ । उक्त अवसरमा उपस्थित साहु तीर्थलाल प्रधानलाई रेडियो सुन्दाको पहिलो अनुभव कस्तो लाग्यो भनेर पत्रकार केशवराज पराजुलीले सोध्दा उनले भनेका छन्– "कहाँ कता हो कता बोलेको यहाँ स्पष्ट सुन्दा हामी सबैलाई अचम्म लागेको थियो । भाषा बुझिएन" (पराजुली प्रकाशोन्मुख) ।

## मोहनशमशेरको दाउ र क्रान्तिकालीन रेडियो

केही महिना चलेर नेपाल ब्रोडकाष्टिङ बन्द भयो । पद्मशमशेरले सन् १९४८ फेब्रुअरी (वि.सं.२००४ फागुन) मा काठमाडौँ छोडे । कहिले भन्ने स्पष्ट नभएपनि सम्भवत: पद्मशमशेरले काठमाडौँ छोडेपछि मोहनशमशेरको दबाबमा नेपाल ब्रोडकाष्टिङ बन्द भयो (शाह २०४५, भट्टराई २०५७ख) । जयदेव भट्टराई (२०५७ख) का अनुसार नेपाल ब्रोडकाष्टिङ बन्द गर्नु पछाडि मोहनशमशेरको दाउ "सर्वसाधारणलाई रेडियोबाट वञ्चित गर्नु थिएन बरु रेडियो प्रसारणको श्रेय आफूले पनि लिनु थियो ।" त्यसो हो भने पनि मोहनशमशेरले आफू श्री ३ महाराज भइसकेपछि आफ्नो सिँदुरेजात्रा सम्पन्न भएको दिन (१४ जेठ २००५) दिएको भाषणमा यसको केही सङ्केत दिएनन् । उक्त अवसरमा उनले "देशको उन्नतिको लागि बाटो, यातायात र खबरको सुगम र छिटो ओहोरदोहोरको प्रबन्ध पनि नितान्त आवश्यक र जरुरी छ" भनेर हुलाक, बाटो, हवाइ बाटो (एअर सर्भिस), टेलिफोनको चर्चा गरेपनि रेडियोको भने कतै उल्लेख गरेका छैनन् (राणा २००५) ।

त्यसको दुई महिनापछि १८ साउन २००५ (अगष्ट सन् १९४८) मा काठमाडौँबाट रेडियोको २० र ४० मिटरमा केही सामग्री प्रसारित भएको बुझिन्छ । उक्त अवसरमा २० साउन २००५ को *गोरखापत्र*ले लेखेको रहेछ– "यसै सिलसिलामा नेपाल राजधानीमा ब्रोडकाष्टिङ स्टेसन खोल्नलाई चाहिने मालसामान, तालिम पाएका कामदारहरूको प्रबन्ध पनि सरकारमार्फत छिटै हुने भएको छ भन्ने बुझियो" (भट्टराई २०५७ख मा उद्धृत) । सायद त्यही सन्दर्भलाई लिएर मोहनशमशेरले एउटा पाँच किलोवाटको शर्टवेभ र २५० वाटको मिडियम वेभ गरी दुई ट्रान्समिटर झिकाएका थिए । मालसामान झिकाउन तीन लाख रुपियाँ निकासा दिइएको थियो (रेग्मी २०४७: २७) ।[१०] रेडियोको तालिम लिन कृष्णबहादुर के.सी.लाई

---

[१०] मोहनशमशेरले झिकाएका ती ट्रान्समिटरहरू ब्राजिल फिलिप्स कम्पनीबाट कलकत्ता बन्दरगाहमा २०१० सालमा आइपुगेको उल्लेख छ (ठाकुर २०१६: १४) । नेपालको भन्ने पत्ता लागेपछि हवाइ मार्गद्वारा काठमाडौँ ल्याइएका ती ट्रान्समिटर २०१३ सालदेखि प्रयोगमा ल्याइएका थिए (ठाकुर २०१६: १४, शाह २०४५: १३४-१३५) ।

मोहनशमशेरले बेलायत पठाएका थिए (पाण्डे २०४५: १४७) । भारतको पटनाबाट प्रकाशित हुने दैनिक पत्रिका *द सर्चलाइट*का पत्रकारसँग मोहनशमशेरले सन् १९५० को अक्टोबर (कात्तिक २००७) मा गरेको कुराकानीमा पनि नेपालमा रेडियो स्टेसन खोल्ने धुनमा आफ्नो सरकार रहेको उल्लेख गरेका छन् (द सर्चलाईट सन् १९५०) ।

२००५ सालमा खोलिएको 'मोहन आकाशवाणी'बाट उक्त रेडियो प्रसारण भएको थियो । त्यसैको भोजपुर शाखामा भएको आकाशवाणीको सेटबाट नेपाली काँग्रेसका मुक्तिसेना योद्धाहरूले २००७ साल मङ्सिरको अन्तमा रेडियो प्रसारण गरेको तथ्य भोजपुर कब्जा गर्ने मुक्तिसेनाका कमाण्डर नारदमुनि थुलुङको आत्मकथा *बिर्सेका अनुहारहरू: बिर्सन नसकेका घटनाहरू*बाट खुल्न आएको छ (थुलुङ २०४५: ९७) । उक्त प्रसङ्ग सम्झँदै थुलुङ लेख्छन्:



तस्बिर १.५: स्व. नारदमुनि थुलुङ (साभार: *बिर्सेका अनुहारहरू: बिर्सन नसकिएका घटनाहरू*, दोस्रो संस्करण, २०५७) ।

> भोजपुर कब्जा भएको पाँचौ दिन (२९ मङ्सिर २००७) देखि नै राणाकालका आकाशवाणी वायरलेशलाई प्रचार तथा प्रसारको साधन बनाई ब्रोडकाष्टिङ रेडियो स्टेसनको रूपमा थालिएको थियो । यस रेडियो स्टेसनको ब्रोडकाष्टिङ सर्वप्रथम जयन्द्रबहादुर थपलियालाई गर्न दिइएको थियो । रेडियोबाट बिहान र बेलुका दुई समय समाचार प्रसार हुन्थ्यो । जयन्द्रले सेन्सर नगराई धनकुटामा आक्रमण गर्ने समय र स्थानको सूचना ब्रोडकाष्ट गरिदिनाले धनकुटाका राणापक्षबाट रातबीचमा पाखीबासमा सातजना भोजपुरेहरूलाई मारेका थिए । पछि सो ब्रोडकाष्टिङ रेडियो स्टेसन भोजपुरबाट विराटनगर पठाइदिएका थिए । पछि विराटनगरबाटै ब्रोडकाष्टिङ हुन थालेको थियो (२०४५: ९७) ।

थुलुङले क्रान्तिको धेरैपछि लेखेका संस्मरणका विवरणहरू केही तल माथि परेका हुन सक्छन् । यसको प्रमाण उनकै पुस्तकको अर्को पानामा भेटिन्छ जहाँ उनले मङ्सिर २९ हैन कि मुक्तिसेनाले भोजपुर कब्जा गरेको भोलिपल्ट अर्थात् २५ मङ्सिर २००७ देखि नै रेडियो प्रसारण भएको उल्लेख गरेका छन् (थुलुङ २०४५: १५६) । मुक्ति सेनाले भोजपुर कब्जा गर्दा १०-११ वर्ष पुगेका भोजपुरे द्रोणप्रसाद श्रेष्ठ (२०५९) ले पनि २५ मङ्सिरदेखि नै रेडियो प्रसारण भएको उल्लेख गरेका छन् । भोजपुरबाट माघ १९ गतेसम्म मात्र प्रसारण भएको र त्यसपछि २० गतेदेखि विराटनगरबाट मुक्तिसेनाले 'प्रजातन्त्र नेपाल रेडियो' प्रसारण गरेको थियो (थुलुङ २०४५: १५६) ।

मुक्तिसेनाले विराटनगर कब्जा गर्ने सन्दर्भमा भोजपुरमा आफ्ना सहकर्मीहरूसँग 'वायरलेश'मार्फत जोशिलो कुराकानी गरिसकेपछि तारिणीप्रसाद कोइरालालाई त्यही उपकरण प्रयोग गरी रेडियो प्रसारण गर्न मन लाग्यो । त्यो सोचलाई कार्यान्वयन गर्न तत्काल वायरलेस अपरेटरहरूलाई तयार हुन अनुरोध गरेपछि सोही दिन दुई बजे उनले ब्रोडकाष्ट गरे "यो प्रजातन्त्र नेपाल रेडियो हो, हामी मुक्ति सङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौँ" (कोइराला २०१६: १) ।[११] यो प्रसारण विराटनगरको रघुपति जुट मिल्समा अवस्थित मुक्ति सेनाको 'वार हेडक्वार्टर'बाट भएको थियो । पछि मोरङ कटन मिलको अतिथि गृह र राणापक्षको हारपछि तत्कालीन राणा गभर्नरको निवाससँगै रहेको घरबाट प्रसारण गरिएको थियो (प्रधान २०६१: १२२) ।

सुरुमा मुक्ति सेनाको गतिविधि, क्रान्तिकारी गीतहरू, राणा शासक र तिनका सेनाको मनोबल गिराउने किसिमको सामग्री प्रसारण भएको थियो । मुक्ति सेनाका सदस्यहरूको मनोबल बढाउने खालका 'प्रोपोगाण्डा' पनि प्रसारण भएको थियो । चार भाषामा समाचार प्रसारण भएको थियो । समाचारहरू क्रमशः नेपालीमा तारिणीप्रसाद कोइराला, नेवारीमा गजाधरभक्त माथेमा, हिन्दीमा तारिणीप्रसाद निर्झर र अंग्रेजीमा विजयालक्ष्मी कोइरालाले वाचन गर्थे (प्रधान २०६१: १२२) । नाटक, कविता र लेखहरू पनि प्रजातन्त्र नेपाल रेडियोबाट बजेको थियो (ठाकुर २०१६: १३) । विराटनगर कब्जा गर्ने सिलसिलामा 'फायरिङ लाइन'बाट समेत प्रजातन्त्र नेपाल रेडियो प्रसारण भएको थियो । एल.बी.सुब्बा रचित 'नेपाली अघि बढ हातमा क्रान्ति झण्डा लिई' भन्ने रानूदेवी अधिकारीले गाएको गीत 'हिट' भएको थियो ।[१२] प्रसारणको काममा तारिणीलाई उनकी बहिनी इन्दिरा कोइराला (आचार्य), हिन्दीका प्रख्यात उपन्यासकार फणिश्वरनाथ 'रेणु', राजेन्द्रप्रसाद र अन्य व्यक्तिले सहयोग गरेका थिए । रानूदेवी अधिकारी,

---

[११] विराटनगरबाट 'प्रजातन्त्र नेपाल रेडियो' कसरी प्रसारण हुन थाल्यो भन्नेबारे तारिणीप्रसाद कोइरालाले २०१६ मा 'रेडियो नेपालको जन्म' शीर्षकको एउटा लेख *झङ्कार* पत्रिकामा प्रकाशित गरेका थिए । त्यो लेख यो पुस्तकको अध्याय दुईमा पुनर्मुद्रित छ । यो रेडियोको नाम विवादित छ । केही लेखकहरूले यसको नाम 'नेपाल प्रजातन्त्र रेडियो' थियो भन्ने गरेका छन् । उक्त रेडियोलाई त्यतिबेला प्राप्त एउटा निमन्त्रणाको आधारमा त्यसको नाम 'नेपाल प्रजातन्त्र रेडियो' नै भएको निर्क्यौल भई नामको विवाद अन्त्य भएको दावी प्रमोद प्रधान (२०६१: १२०-१२१) ले गरेका छन् । तर तारिणीप्रसाद कोइराला (२०१६) स्वयंले भने यसलाई 'प्रजातन्त्र नेपाल रेडियो' नै भनेका हुनाले यो लेखमा त्यसलाई नै ठीक ठानिएको छ ।

[१२] शिव रेग्मी (२०५४: ८०-८१) का अनुसार रानूदेवीले गाएको यो ऐतिहासिक गीतलाई रेडियो नेपालले २०१७ सालपछि प्रतिबन्ध लगाएको थियो र यसको रेकर्ड नै हरायो ।

शान्ति मास्के, विमला मास्के, शिलु तुम्बाहाम्फे, कृष्णप्रसाद अधिकारी (बौवाजी), कृष्णप्रसाद दाहाल, कालुसिंह गुरुङ, के.एस.लामा र अन्य व्यक्तिले गीत सङ्गीत र वाद्यवादन सम्हालेका थिए (कोइराला २०१६, सिजापति २०४०, प्रधान २०६१: १२१-१२२) । डिगमप्रसाद प्रधान प्राविधिक थिए (प्रधान २०६१: १२१) ।

ट्रान्समिटर शक्तिशाली नभएको कारणले विराटनगरको प्रसारण नेपालको सुदुरपश्चिमी भागमा सुनिएको थिएन होला भन्ने अनुमान गर्न सकिन्छ ।[१३] तर पोखरामा भने यो प्रसारण सुनिएको थियो । यस विषयमा केशवराज पराजुली लेख्छन्:

> आकाशवाणी यन्त्र चलाइएको अवस्थामा प्रायः प्रजातन्त्र रेडियोबाट प्रसारित क्रान्तिका गतिविधिको समाचार सुटुक्क त्यसका अपरेटरहरू सुन्ने गर्थे, चियो गरेर सुन्ने टोलका किशोरहरू पनि हुन्थे । राजधानी र पोखराबीच आदानप्रदान हुने सूचनाका अतिरिक्त अपरेटरहरूले  ठाउँ ठाउँमा सम्पर्क गरेर के छ, कसो छ भनेर सोधपुछ पनि गर्दथे । त्यो बेलाको पोखरा आजको तुलनामा निकै सानो थियो । त्यहाँ भएका नयाँ कुरा बाहिर आइहाल्थ्यो । त्यसैले लगभग देशभरिकै आन्दोलनको गतिविधि यहाँका जिज्ञाशुहरूलाई थाहा हुन्थ्यो (पराजुली प्रकाशोन्मुख) ।

प्रजातन्त्र नेपाल रेडियोको प्रसारण काठमाडौँमा सुनियो । नेपाली काँग्रेसका समर्थक र अन्य राणाविरोधीहरूलाई यसले क्रान्तिकारी उर्जा प्रदान गऱ्यो । त्यो प्रसारण सुन्ने काठमाडौँका केही उत्साही युवाहरूले समाचार र अन्य सामग्री प्रसारण हेतु प्रजातन्त्र नेपाल रेडियोलाई पठाउन थाले । लगातार समाचार पठाएर सहयोग गरेकोमा तारिणीप्रसादले प्रकाशमान सिंह (प्रधान) को नाम लिएका छन् (कोइराला २०१६: ४) ।[१४]

प्रजातन्त्र नेपाल रेडियोको प्रसारणले काठमाडौँमा राणाशाहीका समर्थकहरूलाई हरेस खुवाउन योगदान दिएको थियो । उक्त रेडियोले राणा विरोधी कुरा निरन्तर रूपमा प्रसारण गरेपछि तत्कालीन कमाण्डर इन चीफ बबरशमशेरले आफ्नो रेडियोलाई चकनाचुर गरेका थिए भन्ने पनि सुन्नमा आएको छ (कोइराला २०१६: ५) ।[१५]

---

[१३] विराटनगरबाट प्रसारणको लागि प्रयोग गरिएको ट्रान्समिटर टेलबार नामको थियो र त्यसको क्षमता जम्मा ३३ वाटको थियो भन्ने ठाकुर (२०१६) मा उल्लेख छ ।

[१४] प्रजातन्त्र नेपाल रेडियोलाई आफूले पी.एम. प्रधानको नाममा समाचार लैन पोष्ट अफिसबाट पठाएको कुरा प्रकाशमान सिंह (प्रधान) ले कृष्ण अधिकारी र यो लेखकलाई २२ जेठ २०६१ मा बताएका छन् प्रकाशमान र तारिणीको भेट भने २००७ सालको क्रान्तिपश्चात् काठमाडौँबाट रेडियो प्रसारण गर्न तारिणी काठमाडौँ आएपछि मात्र भएको थियो ।

[१५] यो प्रकरणको यथार्थ के हो भन्न गाह्रो छ । प्रजातन्त्र नेपाल रेडियोको कारणले नभै विदेशी प्रसारणमा राणा विरोधी कुरा सुनेपछि बबरशमशेरले आफ्नो रेडियो चकनाचुर गरेका थिए भन्ने पनि सुनिन्छ भनेर भैरव रिसालले भनेका छन् (मार्टिन चौतारीमा यो लेखमाथि भएको छलफल, १५ भदौ २०६१) ।

मुक्ति सेनाको यो प्रसारणको जवाफमा राणा प्रधानमन्त्री मोहनशमशेरले बेलुकी सात बजेदेखि साढे सात बजेसम्म काठमाडौँबाट रेडियो प्रसारण गर्न लगाएको उल्लेख छ । यो काममा तेजेन्द्रप्रताप राणा सञ्चालक भएका थिए (भट्टराई २०५७ख) । बिजुली अड्डाबाटै पुनः सञ्चालित यो प्रसारणमा भजन, गीत लगायत राणापक्षीय गतिविधिहरूको समाचार पनि दिइन्थ्यो (शाह २०४५: १३४) । यस्तो समाचारको शैली निम्न प्रकारको हुन्थ्यो– "वागी डाँकाहरूले अमुक जिल्लाको सदरमुकाममा हमला गरी लुटपाट गरी निमकको सोझो चिताइ काम गर्ने कर्मचारीलाई थुनामा राखी अड्डा अदालत कब्जा गरे तापनि हाम्रा बहादुर फौजले उनीहरूलाई छिटै त्यहाँबाट धपाउने छन्" (सत्याल २०५६: २६) ।

राणा विरोधी क्रियाकलापहरूको समाचार विदेशी सञ्चारमाध्यमले पनि दिने गर्थे । खासगरी अल इण्डिया रेडियोले नेपालको क्रान्ति गतिविधिको समाचारलाई नियमित रूपमा स्थान दिएको थियो । क्रान्तिको दौरानमा राजा त्रिभुवन आफ्नो परिवारसहित काठमाडौँको भारतीय दूतावासमा शरण लिन पुगेको समाचार अल इण्डिया रेडियोको दिउँसोको न्यूज बुलेटिनमा ६ नोभेम्बर १९५० मा प्रसारण भएको थियो । यो समाचार इन्दुशमशेर राणाले सुनेर जनरल बबरशमशेर राणामार्फत मोहनशमशेरकहाँ पुगेको कुरा प्रकाशमा आएको छ (राणा सन् १९७८: १११) । राणा विरोधी अभियान चलेपछि रेडियो सुन्नेहरूले के सुनिरहेछन् भन्ने बुझ्न राणा शासकले गुप्तचर खटाएका थिए (वैद्य, मानन्धर र जोशी सन् १९९३: २३८) ।

सात सालको क्रान्तिले राणा शासनको अन्त गरेपछि प्रजातन्त्र नेपाल रेडियो केही समय विराटनगरबाटै बज्यो । पछि वीपी कोइरालाको अनुरोधमा काठमाडौँबाट प्रसारण हुने भयो । तारिणीप्रसाद काठमाडौँ झिकाइए । २० चैत २००७ बाट प्रजातन्त्र नेपाल रेडियोको नाममा सिंहदरबारभित्र रहेको चन्द्रशमशेरले आफ्ना छोराहरूको शिक्षालयको रूपमा बनाएको भवनबाट रेडियो प्रसारण हुन थाल्यो । पछि यसको नाम फेरेर 'रेडियो नेपाल' बनाइयो ।

वि.सं २००५ (सन् १९४८) मा मोहनशमशेर श्री ३ महाराज बन्दा नेपालमा के कति रेडियो सेट थिए र त्यसको भौगोलिक वितरण स्थिति कस्तो थियो हामी भन्न सक्ने स्थितिमा छैनौँ । काठमाडौँभन्दा बाहिर विराटनगर, पोखरा, इत्यादि ठाउँमा केही रेडियो सेटहरू थिए भन्ने कुरा जानकारीमा आएको छ तर ती ठाउँमा पनि हुनेखाने दुईचार व्यक्तिका घरमा मात्र रेडियो थियो भन्न सकिन्छ ।[१६]

---

[१६] पोखरामा सबैभन्दा पहिले रेडियो बजाउने व्यक्तिहरू को को थिए भन्ने विवरणको लागि हेर्नुहोस् केशवराज पराजुली (प्रकाशोन्मुख) ।

रेडियो सेटको दाम साथै बिजुली र ब्याट्रीको अभावमा रेडियो सेटको व्यापक विस्तार सम्भव थिएन । ब्याट्री बजारमा उपलब्ध थिएन । जो व्यापारी व्यापारको सिलसिलामा भारत पुग्थे उनीहरूको मात्र त्यसमाथि पहुँच थियो किनभने बाटोघाटो र सवारी साधनको सुविधा थिएन त्यसबेला । त्यसबेलाका ठूला रेडियो बजाउन आवश्यक ब्याट्रीहरू धेरै गह्रुङ्गा थिए र तिनको आयु लामो थिएन (पराजुली प्रकाशोन्मुख) ।[१७]

वि.सं. २००२ तिरै रेडियो आयात गर्न काठमाडौँका केही व्यापारीहरू कार्यरत थिए । ठमेलका अजरप्रसाद प्रधान (अमृत साइन्स कलेजका संस्थापक




तस्बिर १.६: *शारदा* १४(१-२), २००५ सालको अन्तिम पातोमा प्रकाशित विज्ञापन ।

[१७] रेडियो सेट बजाउनको लागि सन् १९२० र १९३० को दशकमा प्रयोगमा ल्याइएका ब्याट्रीहरूमा आउने समस्याको विस्तृत विवरणका लागि हेर्नुहोस् जोन्सन र जोन्सन (सन् १९८९: १७-२५) । दोस्रो विश्वयुद्धको दौरानमा रेडियो सेटहरूसँग भारतमा प्रयोगमा ल्याइएका ब्याट्रीहरूको किसिम र क्षमताबारे हेर्नुहोस् भट्टाचार्य (सन् २००१: १००) ।

अमृतप्रसाद प्रधानका बाबु) को परिवार 'पाइ' कम्पनीको रेडियो झिकाई बेच्ने काम गर्थे । त्यतिबेला प्रधानहरूको छिमेकमा शिव रेग्मीका परिवार डेरा लिएर बसेका थिए । आफू सानो छँदा 'पाइ' रेडियोको 'स्टीकर'हरू जम्मा गरेको प्रसङ्ग शिव रेग्मी (प्रकाशोन्मुख) ले उल्लेख गरेका छन् ।

सर्वसाधारणका लागि रेडियो फुकुवा भइसकेकोले रेडियो सुन्ने व्यक्तिहरूको सुविधाको लागि अन्य दुई थरी व्यापार सुरु भएको देखिन्छ– कार्यक्रम तालिका (आजकालको टीभी गाइडजस्तो) को बिक्री र रेडियो मर्मत सम्भार गर्ने काम । एक यस्तै व्यापारी थिए काठमाडौँ बाङ्गेमुढाका गम्भीरबहादुर सिंह जो रेडियो कार्यक्रमको पाक्षिक समय तालिका झिकाई बेच्ने गर्थे । श्री ३ मोहनशमशेरले आफ्नो सिँदुरेजात्राको अवसरमा दिएको भाषण प्रकाशित भएको *शारदा* पत्रिकाको पछिल्लो गातामा उनले एउटा विज्ञापन प्रकाशित गरेका छन् (हेर्नुहोस् तस्बिर १.६) । रेडियो हुनेहरूलाई सम्बोधन गर्दै उनले भनेका छन्:

> तपाईंहरूसित रेडियो त छ, तर आफूलाई चित्त बुझ्दा विषय सुन्नलाई तपाईंहरूलाई अटकलबाजीले छिनमा यो, छिनमा त्यो स्टेसनको सुई घुमाउनु पर्छ । यसो गर्दा रेडियो चाँडो बिग्रन्छः बरु कार्यक्रम (प्रोग्राम) हेरेर रेडियो बजाउनु बेस (शारदा २००५) ।

यसबाट काठमाडौँमा रेडियो सुन्ने जमातमा निरन्तर वृद्धि हुँदै गएको र अरूकहाँ गएर रेडियो सुन्ने कौतुहलताको चरणबाट आफ्नै नियन्त्रणमा रहेको रेडियो सुविधासहित सुन्ने वातावरण तयार हुन थालेको सङ्केत मिल्दछ ।

काठमाडौँमा रेडियो सेटहरू आउन थालेपछि यसको मर्मत सम्भार गर्ने काममा सबभन्दा पहिले को को संलग्न भए भन्ने राम्रो जानकारी छैन । तरपनि प्रारम्भिक अनुसन्धानको आधारमा काठमाडौँमा रेडियो बनाउने पहिलो व्यक्तिहरूमध्ये जनकराज श्रेष्ठ एक थिए भन्ने थाहा हुन सकेको छ । नेपाली सेनामा इन्जिनियर श्रेष्ठ आफ्नो यङ्गालस्थित घरमा नै रेडियो मर्मत गर्थे । तिनले यो काम कसरी सिके त्यो भने थाहा हुन सकेको छैन ।[१८]

## निष्कर्ष

तर्कहरूको सूत्रात्मक प्रयोगभन्दा सुरुदेखि नै नेपालीहरूको रेडियोसँगको सम्पर्क र सङ्गत कस्तो रह्यो भन्ने देखाउन यो लेखमा आख्यानात्मक शैली अपनाइएको छ । इतिहासको अनुसन्धान र लेखन यस विधाका प्रयोगधर्मीहरूलाई मात्र होइन

[१८] कविराज आनन्दकुमार श्रेष्ठ (जन्म सन् १९२३) बाट प्राप्त जानकारीको आधारमा ।

सर्वसाधारणलाई पनि रुचिकर तरिकाले गरिनुपर्छ भन्ने मान्यताअनुरूप यस्तो शैली प्रयोग गरिएको हो । अन्तमा केही सम्झन लायक प्रसङ्गहरू यहाँ उल्लेख गरिन्छ ।

पहिलो, बेलायत र अमेरिकामा नियमित रेडियो प्रसारण उपलब्ध भएको तीन दशकपछि, हाम्रै छिमेक भारत र चीनमा झण्डै पच्चीस वर्ष यसको अनुभव भइसकेपछि मात्र नेपालमा नियमित रेडियो प्रसारण सेवा सुरु हुन सक्यो । सञ्चार जगत्लाई राजनीतिक दुश्मन ठान्ने राणाशाहीको सोच यसका लागि जिम्मेवार छ । सुखको कुरा उक्त शासन पद्धतिलाई फाल्ने क्रममा नै रेडियो नेपालको जन्म भयो ।

दोस्रो, पहिले राणाहरूले इजाजत दिएर र २००३ सालपछि सर्वसाधारणलाई अनुमति नलिइकनै रेडियो राख्न दिने निर्णय भयो । त्यसबेला रेडियो किन्न नसक्नेहरूले छिमेकीकहाँ गएर रेडियो सुन्ने बानी बस्न थाल्यो । अन्य मुलुकबाट प्रसारित समाचारले राणाकालको अन्तमा नेपालीहरूलाई राजनीतिक परिवर्तनमुखी बनाउन सहयोग गऱ्यो भने कोही कोहीलाई सशक्त सञ्चारमाध्यम रेडियोमा सोझै संलग्न भै पत्रकारिता गर्न उक्सायो ।

तेस्रो, सूचना/समाचारबाहेक गीत सङ्गीत र यस्तै अन्य कार्यक्रमहरू सुनी जीवनमा एक प्रकारको नयाँ मनोरञ्जनको अनुभव गर्ने मौका रेडियोले दियो । धनीमानीहरूकहाँ मात्र सिनेमा हेर्ने र ग्रामोफोन सुन्ने अभ्यास भइरहेको राणाकालमा "मान्छेका आवाजहरूलाई देशविदेशबाट हावामा उडाउँदै कोठा कोठामा पुऱ्याइदिने काठको बाकस जस्तो आकारको अद्भुत" (विकल २०५९) यन्त्रबाट मनोरञ्जन लिने बानी २००७ साल अगाडि बस्न थाल्यो । हुल गरेर रेडियो हुनेको कोठामा वा पसल इत्यादि ठाउँमा रेडियो सुन्ने प्रवृत्ति बस्यो ।

"त्यो बोल्ने बाकसको मोह, गाउने बाकसको प्रेम" (दीक्षित २०४१: ६१) ले बनाएको सामाजिक जगमा नै रेडियो नेपालको विकास सम्भव भयो ।